पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : २ पोखरा खण्ड : १४ २०७५ मंसिर ७ गते

## भाग २

# पोखरा महानगरपालिकाको अनौपचारीक शिक्षा शिक्षण सहयोग सञ्चालन निर्देशिका ,२०७५

**प्रस्तावना :** गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले विद्यार्थी तथा अभिभावकको चाहनालाई सहयोग पुऱ्याउनका लागि खोलिएका यस महानगरको शिक्षा नियमावली २०७४ को नियम १०४ उपनियम १ को खण्ड ख मा उल्लेखित संस्था , शिक्षण सहयोग केन्द्र र कोचिङ्ग कक्षा लगाएतलाई कानुनी दायरामा ल्याई व्यवस्थित रुपले व्यवस्थापन र सञ्चालन गर्न आवश्यक भएको हुदाँ नेपालको संविधानको धारा २२६ , स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ( ज) का अधिनमा वनाइएको शिक्षा नियमावलीको प्रावधानलाई पूरा गर्न पोखरा महानगरपालिकाको मिति २०७५/०८/०७ मा बसेको कार्यपालिका बैठकले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम शिक्षा नियमावली २०७४ अनुसार " पोखरा महानगरपालिकाको अनौपचारीक शिक्षा शिक्षण सहयोग सञ्चालन निर्देशिका ,२०७५" रहेको छ ।

२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

३) यस निर्देशिका स्थानिय सरकार संचालन ऐनको दफा १०२ तथा पोखरा महानगर पालिकाको प्रशासकिय कार्यबिधि नियमित गर्ने ऐनको दफा ४ ले दिएको अधिकार अन्तर्गत रही यो निर्देशिका तर्जुमा गरिएको छ ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा ,-

क) "मन्त्रालय" भन्नाले संघिय शिक्षा ,विज्ञान ,प्रविधि मन्त्रालय र सामान्य प्रशासन तथा संघिय मामिला मन्त्रालय दुवैलाई जनाउनेछ ।

ख) "विभाग"भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र लाई सम्झनु पर्छ ।

ग) "शिक्षण सहयोग केन्द्र" (Titution center) भन्नाले कुनै व्यक्ति वा संस्थाले विद्यार्थीहरुको पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले खो लिएको शिक्षण गर्ने संस्थालाई सम्झनुपर्छ । जस अर्न्तगत शिक्षा नियमावली २०७४ को नियम १०४ उपनियम(१)का खण्ड ख का भाषा शिक्षण संस्था , व्रिज कोर्स संचालक संस्था, शैक्षिक कन्सल्टेन्सी, मन्टे श्वरी, कोचिङ्ग सेन्टर, होस्टेल, परामर्श केन्द्र, तालिम इन्स्टिच्युटहरु, लो कसेवा आयोग तथा अन्य सेवा आयोगका तयारी कक्षाहरुलाई जनाउनेछ ।

घ) "कोचिङ्ग कक्षा" भन्नाले विद्यालयमा अध्ययन नगरेका वा अध्ययन गरी विचैमा छोडेका पुन: अध्ययन गर्न चाहने बालबालिकाका लागि विद्यमान पाठ्यक्रमलाई आधारमानी शैक्षिक कार्यक्रम सञ्चालनार्थ कुनै व्यक्ति वा संस्थाले स्थापना गरेको शैक्षिक संस्थालाई सम्झनुपर्छ ।

ङ) "सञ्चालक" भन्नाले शिक्षण सहयोग केन्द्र वा कोचिङ कक्षा सञ्चालन गर्ने व्यक्ति वा संस्था लाई जनाउछ ।

## परिच्छेद - २

## शिक्षण सहयोग केन्द्र एवं कोचिङ्ग कक्षा अनुमति सम्वन्धी व्यवस्था

**३. अनुमति सम्वन्धी व्यवस्था :** १) कुनै व्यक्ति वा संस्थाले शिक्षण सहयोग केन्द्र एवं कोचिङ्ग कक्षा सञ्चालन गर्न चाहेमा शैक्षिकसत्र सुरु भएको दुई महिनाभित्र कक्षा सञ्चालन सम्वन्धी प्रस्ताव (सञ्चालनको उद्देश्य,भौतिक पूर्वाधार ,भवन ,कक्षा कोठाको उपयुक्तता ,शैक्षिक सामाग्री,फर्निचर ,खानेपानी ,शौचालयको व्यवस्था, शिक्षक,सञ्चालन गर्ने स्थान आदि) उल्लेख गरी तोकिएको ढाचामा पोखरा महानगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

२) पोखरा महानगरपालिकाले प्राप्त निवेदनका सम्वन्धमा कर्मचारीवाट स्थलगत जाचवुझ गरि तोकिएको पूर्वाधार पूरा भएको अवस्थामा अनुसुची -१ का ढाँचामा कक्षा सञ्चालन अनुमति प्रदान गर्नुपर्नेछ ।

३) अनुमति माग गरेका शिक्षण सहयोग केन्द्र एवं कोचिङ्ग कक्षाको स्थलगत निर ीक्षणवाट तोकिएकाृ पूर्वाधार पूरा गरेको देखिएमा अनुमति प्रदान गर्दा को चिङ्ग कक्षाको लागि न्यूनतम रु १,५०,०००।- अक्षरुपी एक लाख पचास हजार मात्र ) रकम धरौटी स्वरुप राख्नुपर्नेछ । यसरी राखेको धरौटी रकम मुद्दती खातामा राख्नुपर्नेछ । सो खाताको सञ्चालन पोखरा महानगरपालिकाले तो केको कर्मचारी र सञ्चालकको संयुक्त दस्तखतवाट हुनेछ ।यसरी धरौटी र ाखिएको रकम सञ्चालित संस्था बन्द गर्नुपर्ने भएमा सञ्चालकले आवेदन गरे मा नियमानुसार सम्वन्धित सञ्चालकलाई फिर्ता गरिनेछ ।

४) सञ्चालनमा रहेको कुनै काचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्रले दुवै कार्यक्रम राख्न चाहेमा तोकिएको पूर्वाधार पुऱ्याई उपदफा (१) मा उल्लेखित प्रक्रिया पूरा गरी थप कार्यक्रम संचालन गर्न अनुमति प्रदान गर्न सकिनेछ। यसरी थप कार्यक्रमको अनुमति लिदा धरौटी वापत प्रति थप कार्यक्रम वापत एकमुष्ट रकम रु १५,०००।- (अक्षरुपी एक लाख पैसठ्ठी हजार ) थप रकम धरौटी खातामा जम्मा गर्नुपर्नेछ ।

(५) प्रत्येक आर्थिक वर्षको आयव्ययको लेखापरीक्षण गराई प्रत्येक वर्षको आश्विन मसान्तसम्म नियमानुसार नविकरण गर्नुपर्नेछ ।

(६) कुनै अनुमति पत्र प्राप्त कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्रको नाम संग मिल्ने गरी पुनः अर्को संस्था दर्ता गर्न सम्वन्धित पोखरा महानगरपालिकाबाट अनुमति प्रदान गरिने छैन ।

(७) कुनै कोचिङ्ग तथा शिक्षण सहयोग केन्द्र दुई वा दुईभन्दा बढी संस्था गाभी एउटै कायम गर्न चाहेमा वा साविकको नाम परिवर्तन गर्नुपरेमा वा विशेष परिस्थिति उत्पन्न भई साविक स्थानवाट सार्नपर्ने अवस्था विद्यामान भएमा पोखरा महानगरपालिकाबाट अनुमति लिई गर्न सकिनेछ ।

(८) अनुमति दिएको संस्थाको अभिलेख सम्बन्धित पोखरा महानगरपालिकामा अद्यावधिक गर्नुपर्नेछ ।

## परिच्छेद - ३

## विद्यार्थीको नाम दर्ता,परीक्षा र अभिलेखसम्बन्धी व्यवस्था

**४.विद्यार्थीको नाम दर्ता,परीक्षा र अभिलेख राख्नुपर्नेः** (१) कोचिङ्ग कक्षामा विद्यार्थी भर्ना हुनका लागि अनुसूची -२मा उल्लेख भएबमोजिमको भर्ना फाराम भर्नुपने र्छ ।

(२) भर्ना हुने विद्यार्थीले कम्तिमा आफू जुन तहको परिक्षाको तयारीको लागि अध्ययन गर्न चाहेको हो त्यसभन्दा २ कक्षा तलको कक्षा उर्त्तीण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

३) यसरी भर्ना हुने विद्यार्थीहरुको भर्ना फारमको समष्टिगत विवरण तयार गरि प्रत्येक वर्षको कार्तिक मसान्तभित्र अध्यापन गराउने संस्थाले पोखरा महानगर पालिकाको कार्यालयमा अनिवार्य रुपमा वुझाउनुपर्दछ ।

४) शिक्षण सहयोग केन्द्रमा अध्ययन गर्ने विद्यार्थीहरुले भर्ना फारम अनिवार्य रुपमा भर्नुपर्ने र यसको समष्टिगत विवरण प्रत्येक वर्ष पौष मसान्तसम्ममा अनिवार्य रुपमा पोखरा महानगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

५)आधारभूत तह उतिर्ण परीक्षा र see परीक्षामा समावेश हुनुपर्ने विद्यार्थीको हकमा सम्वन्धित परीक्षा लिने संस्थाले भराउने रजिष्ट्रेशन र आवेदन फाराम ती परिक्षा सञ्चालन गर्ने निकायले तोकेअनुसार नै हुनेछ ।

६)see मा सम्मिलित हुने विद्यार्थीको हकमा टेष्ट परिक्षा/प्राइभेट परिक्षार्थीको लागि भएको विद्यमान व्यवस्था बमोजिम हुनेछ र विद्यार्थीको रजिष्ट्रेशन तथा आवेदन फारमहरु सम्वन्धित संस्थाको प्रमुखले प्रमाणित गरि पठाउनु पर्नेछ ।

## परिच्छेद - ४

## शुल्क सम्वन्धी एवं निशुल्क शिक्षण व्यवस्था

**५) शुल्क सम्वन्धी व्यवस्था :** सम्वन्धित संस्थाले विद्यार्थीसगँ लिने शुल्कको प्रस्ताव पोखरा महानगरपालिकामा पेश गरी स्वीकृत गरे वमोजिमको रकम मात्र लिनुपर्नेछ तर अनुगमन तथा अन्य व्यवस्थापनका लागि लाग्ने खर्चसम्वन्धी महानगरले तोकिए बमोजिम हुनेछ ।

**६) निशुल्क शिक्षण व्यवस्था :** महानगरले सिफारिस गरेमा अपाङ्ग,महिला, दलित, अति पिछडिएका जाति तथा गरिवीको रेखामुनी रहेका व्यक्तिलाई कुल विद्यार्थी संख्याको ५%(पाँच प्रतिशत ) विद्यार्थीलाई सम्वन्धित संस्थाले निःशुल्क पढाउनु पर्नेछ ।

## परिच्छेद - ५

## शिक्षक सम्वन्धि व्यवस्था

**७. शिक्षक व्यवस्था :** (१) कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्रको प्रमुखको शैक्षिक योग्यता न्यूनतम स्नातक तह उत्तिर्ण गरेको हुनुपर्नेछ ।

(२) शिक्षकको शैक्षिक योग्यता सम्वन्धित तहको सम्वन्धित विषयको शिक्षकको लागि तोकिएको शैक्षिक योग्यता हुनुपर्नेछ ।

(३) कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालकले करारनामा गरी आवश्यकता अनुसार शिक्षक व्यवस्था गर्नू पर्नेछ । सो करारनामामा उल्लेख भए वमोजिमको रकम सम्वन्धित शिक्षकलाई उपलव्ध गराउनुपर्नेछ ।

## परिच्छेद -६

## दण्ड सजाय सम्वन्धी व्यवस्था

**८.** (१) यस निर्देशिकामा उल्लेखित सर्तहरु पुरा नगरेमा महानगरपालिकाले निर्माण गरेको न्यायिक व्यवस्था मुताविक कारवाही हुनेछ ।

(२) कुनै सञ्चालकले कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालन गर्दा नियमानुसार कक्षा सञ्चालन नगरी ठगी वेपत्ता भएमा प्रचलित कानुनवमोजिम कारवाहीको लागि महानगरले सम्वन्धित न्यायिक वा अर्धन्यायिक  निकाय समक्ष लेखि पठाउनुपर्नेछ ।

## परिच्छेद - ७

## विविध

९. **विविध :** (१) कुनै पनि संस्थाले सामुदायिक विद्यालयको भवन प्रयोग गरी को चिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालन गर्न सामान्यतया पाइने छैन ।तर विद्यालयको पठनपाठन अवरोध नहुनेगरी विद्यालय व्यवस्थापन समितिवाट निर्णय गराई तोकिएवमोजिमको बहाल लिई निश्चित अवधिका लागि सञ्चालन गर्न दिन सकिनेछ ।

(२) कक्षा सञ्चालन अनुगमन,निरिक्षण ,संघिय शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय ,शिक्षा तथा मानव स्रोत विकास केन्द्र , प्राविधिक शिक्षा निर्देशनालय ,महानगर र शिक्षा विकास तथा समन्वय इकाई मार्फत समय समयमा गरिनेछ ।

(३) कोचिङ्ग कक्षा र शिक्षण सहयोग केन्द्रको षट्कोणभित्र बलिरहेको दियो अंकित आफ्नै छुट्टै छाप हुनेछ ।

## अनुसुची - १

## (दफा ३ को उपदफा (२) सगँ सम्वन्धित )

विषय : कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालन अनुमति सम्वन्धमा ।

श्री ....................

................................।

तपाई/त्यस संस्थाले मिति ..........................मा कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालन गर्ने सम्वन्धमा दिइएको निवेदनउपर कारवाही हुदा यस कार्यालयको मिति .......................... को निर्णय बमोजिम पोखरा महानगरपालिका वडा नं. .........मा ....................कक्षा /केन्द्र सञ्चालनार्थ अनुमति प्रदान गरिएको छ ।

कार्यालयको छाप

स्वीकृति प्रदान गर्ने अधिकारीको

सहि :

नाम :

पद :

कार्यालयको नाम :

मिति :

## अनुसुची - २
## (दफा ४को उपदफा (१) सगँ सम्वन्धित )
## विद्यार्थी भर्ना विवरण फाराम

**१.** शिक्षण सहयोग केन्द्र /कोचिङ्ग कक्षाको कोड नं. :-

**(१) शिक्षण सहयोग केन्द्र/कोचिङ्ग कक्षाको नाम :-**

| | | | |
|---|---|---|---|
| जिल्ला :- | म.न.पा./न.पा.:- | वडा नं. | टोल : |

**२.विद्यार्थीको नाम,थर :-**

| | | | | |
|---|---|---|---|---|
| क)लिङ्गः | ख)जन्ममितिः | ग)जातिः | दलित भएः | जनजाति भएः |

| | | |
|---|---|---|
| घ)धर्मः | ङ)विद्यालय भर्ना गरेको सालः ..........कक्षा .......च)हाल अध्ययनरत कक्षा : | |

| | | |
|---|---|---|
| छ)समूहः | ज) रोलनं. | झ) विद्यार्थी नं : |

| | | | |
|---|---|---|---|
| **ञ)** जन्म दर्ता : | भएको : | नभएको | ट) मातृभाषा : |

**३) शारिरीक स्थिति :**

| | | | |
|---|---|---|---|
| क) स्वस्थः | ख) अपाङ्ग | अपाङ्ग भए सामान्य : | विशेष : |
| विशेष अपाङ्ग भए | १.शारीरिक | २.आखा कम देख्ने | ३.आखा पुरै नदेख्ने : |

| | | | |
|---|---|---|---|
| घ)कान कम सुन्ने | ङ)कान पूरै नसुन्ने | च) सूस्त मनस्थिति ,सामान्य : | विशेष : |
| छ) बहु अपांगता | ज)मानसिक असन्तुलन | | |

## ४) बाबु तथा आमाको नाम :

| बाबुको नाम | पेशा | नागरिकता | शिक्षाको स्तर | आमाको नाम | पेशा | नागरिकता | शिक्षाको स्तर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | |
|---|---|---|---|
| **५) स्थायी ठेगाना** :-जिल्ला : | म.न.पा. ⁄ न.पा. ⁄ गा.पा. | वडाः | टोलः |
| **६)हाल** विद्यार्थी **बसिरहेको ठेगाना** : जिल्ला : | म.न.पा. ⁄ न.पा ⁄ गा.पा. | वडा : | टोलः |

## ७) स्थायी ठेगाना बाहेक अन्यत्र बसेको भए को सगं बसेको :

| क)आमा : | ख)बाबु | ग)आमा | घ)दाजु दिदी | ङ)अन्य अभिभावक | च)आफन्त |
|---|---|---|---|---|---|
| | | | | | |

| | | |
|---|---|---|
| **८)**आफ्नो बाबु आमावाट जन्मेका दाजुभाइ संख्या | दिदी वहिनी संख्या | दाजुभाई तथा दिदीः |
| बहिनी मध्ये आफ्नो कति औं नम्वर मा पर्ने हो उल्लेख गर्नेः | जम्मा परिवार संख्या | |

निशुल्क शिक्षा प्रदान गर्ने प्रयोजनका लागि उल्लेखित बालक ⁄ बालिकाको आय स्तर तोकिएको सीमामा रहेको :-

माथि रहेको : तल रहेको :-

---

नोट : शिक्षा नियमावली २०५९ को नियम ,१५२ अनुसार निःशुल्क शिक्षा

उपलव्ध गराउनु पर्ने प्रयोजनको लागि गरिवीको रेखामुनी रहेका विद्यार्थी भन्नाले दलित,जनजाती ,महिला लगायत अन्य व्यक्तिको परिवारको माथि उल्लेख गरे बमोजिम भएको भनी सम्वन्धित वडाको सिफारिसमा गा.पा. वा न.पा.वा म.न.पा.ले सिफारिस गरे वमोजिम विद्यालय व्यवस्थापन समितिले गरेको निर्णय लाई जनाउछ ।

फाराम भर्ने विद्यार्थीको नाम :..........................................................
हस्ताक्षर :............................
शिक्षण सहयोग केन्द्र /कोचिङ्ग सेन्टरको प्रमुखको नाम,थर :......................
हस्ताक्षर :..................
केन्द्रको छाप : मिति :.........................

**प्रमाणिकरण मिति : २०७५/०८/०७**
**प्रकाशित मिति : २०७५/०८/१०**

**आज्ञाले**
**शेष नारायण पौडेल**
**प्रमुख प्रशासकिय अधिकृत**